सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

मिति :२०७९/०४/०१

**विषयः आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ प्रदेश सभाबाट पारित भई सम्वत् २०७९ साल आषाढ ३२ गते माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त ऐन अनुसार आर्थिक वर्ष २०७९/८० का लागि सहकारीज्यू अन्तर्गत निकायहरूका लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु । समग्र वित्त अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ कार्यान्वयनको सन्दर्भमा थप स्पष्टता सहित सोही ऐनको दफा ९ बमोजिम बजेट कार्यान्वयनका सम्बन्धमा देहायको मार्गदर्शन यहाँको जानकारीको लागि प्रेषित गरेको छु। महालेखा परीक्षकको पछिल्ला प्रतिवेदनहरूमा उल्लिखित विवरण र बेरुजुका दृष्टान्तहरूले आर्थिक अनुशासन पालनामा सबै निकायहरू गम्भीर हुनुपर्ने देखिएको व्यहोरा पुनि यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु ।

बजेट कार्यान्वयनका प्रारम्भिक चरणमा गर्नुपर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड आदिको तर्जुमा गरी आर्थिक वर्ष २०७९/८० को प्रथम चौमासिक अवधिभित्रै खरिद प्रक्रिया सम्पन्न गरी बजेट कार्यान्वयन गर्ने कार्य गर्नु हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०७९ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ। तर, कुनै मनासिव कारणले सम्वत् २०७९ साल असोजभित्र विनियोजन भएको बजेट सम्बधित निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई सम्वत् २०७९ साल कार्तिक मसान्तभित्र बाँडफाँटको लागि अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले सम्वत् २०७९ साल पौष मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

३. तहाँको विनियोजित शीर्षकमा एकमुष्ठ विनियोजन भएको रकमको हकमा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति लिई कार्यक्रम एवम् बजेट बाँडफाँट गरी सम्वत् २०७९ साल असोज मसान्तभित्र खर्च गर्ने निकायमा पठाउनु हुनेछ।



CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

४. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) मा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापहरूको वार्षिक लक्ष्य नघट्ने गरी र स्रोत फरक नपर्ने गरी सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत गराई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) मा प्रविष्टि गराउनु हुनेछ ।

५. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको एक तह माथिको प्रमुखको स्वीकृतिमा गर्नु हुनेछ। तर, राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख भएको निकायको हकमा तहाँबाटै संशोधन गर्न सक्नु हुनेछ।

६. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) मा प्रविष्टि हुँदा कार्यक्षेत्र फरक परेका, कार्यान्वयन गर्ने निकाय फरक परेका र नाम ठेगानामा सामान्य त्रुटि भएका आयोजना तथा कार्यक्रम संशोधन गर्नु परेमा सम्बन्धित पालिका वा सम्बन्धित कार्यालय वा सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश सभाका सदस्यको सिफारिससाथ प्रचलित कानूनको अधीनमा रही विषयगत मन्त्रालयबाट पुष्ट्याई सहित संशोधनका लागि अनुरोध भई आएमा आवश्यकता र औचित्य हेरी आर्थिक मामिला मन्त्रालयले संशोधन गर्न सक्नेछ।

७. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) का कार्यक्रममा दोहोरो परेका कार्यक्रमको हकमा विषयगत मन्त्रालय/ निकायले एकिन गरी ७ (सात) दिनभित्र एउटामात्र कार्यक्रम कार्यान्वयन गरी बाँकी बजेट समर्पणका लागि आर्थिक मामिला मन्त्रालयमा लेखी पठाउनु हुनेछ। तहाँबाट तोकिएको समयावधिभित्र लेखी नआएमा बजेट समर्पण गरेको मानी आर्थिक मामिला मन्त्रालयले बाँकी रकम रकमान्तर गर्नेछ।

८. विगत आर्थिक वर्षहरुमा सुरू भई कार्य सम्पन्न भइसकेका आयोजना तथा कार्यक्रममा चालु आर्थिक वर्षमा समेत रकम विनियोजन भएको भए उक्त आयोजना तथा कार्यक्रम पहिचान गरी सोको विवरण ७ (सात) दिनभित्र आर्थिक मामिला मन्त्रालयमा लेखी पठाउनु हुनेछ।

९. प्रस्तुत मार्गदर्शनको आधारमा तहाँ मन्त्रालय/आयोग/सचिवालय मातहतका निकायबाट पनि बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन तयार गरी यथाशीघ्र आफू मातहतका निकायमा पठाउनु हुनेछ।

१०. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र श्रावण ७ गतेसम्म पठाउनु हुनेछ।

११. नेपाल सरकारवाट हस्तान्तरण हुने सशर्त अनुदानको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम मात्र खर्च

 website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

गर्नु/गराउनु हुनेछ। स्वीकृत मापदण्ड र कार्यविधि विपरीत खर्च भएको सम्बन्धमा निकाय नै पूर्णतः जिम्मेवार हुनुपर्ने व्यहोरा स्मरण गराउन चाहन्छु।

१२. नेपाल सरकारबाट हस्तान्तरण हुने सशर्त अनुदानतर्फका आयोजना तथा कार्यक्रम संशोधन गर्नु परेमा तलब भत्ता बाहेकको रकममा मात्र वार्षिक लक्ष्य नघट्ने, स्रोत फरक नपर्ने र उद्देश्यमा फरक नपर्ने गरी आर्थिक मामिला मन्त्रालयमा पेश गर्नु हुनेछ।

१३. स्रोतको सुनिश्चितता नभई स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित भएको रकमभन्दा बढी खर्च गर्नुपर्ने अवस्थामा सुरू गरिएका खरिद प्रक्रिया वा अन्य कारणबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट कुनै प्रकारको थप बजेट निकासा/रकमान्तर गरिने छैन। यसरी थप हुने दायित्वका सम्बन्धमा सम्वन्धित निकाय नै पूर्णतः जिम्मेवार हुनुपर्ने व्यहोरा स्मरण गराउन चाहन्छु।

१४. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा सिर्जना हुने थप दायित्वको हकमा यस मन्त्रालयबाट भएको निर्णय बमोजिम हुनेछ।

१५. तहाँ मन्त्रालय/निकायको स्वीकृत कार्यक्रमहरूमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नुहुने छैन।

१६. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नुहुने छैन साथै वैदेशिक भ्रमण संघीय सरकारबाट अनुमति लिई आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश मन्त्रिपरिषद्को निर्णय अनुसार गर्नु हुनेछ।

१७. चालु आर्थिक वर्षमा एम्बुलेन्स र शवबाहन बाहेक अन्य कुनै पनि प्रकारका सवारी साधन खरिद गरिनेछैन। स्वीकृत कार्यक्रम भित्रको सवारीसाधन खरिद गर्दा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

१८. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट दोस्रो चौमासिक अवधिसम्म पनि खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्वत् २०७९ चैत्र १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नु हुनेछ।

१९. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी उक्त ऐनको दफा ८ को उपदफा (१) बमोजिम सो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई स्वतः हुने व्यवस्था जानकारी गराउँदछु।

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्थाः**

२०. बजेटमा परेका आयोजनाको तयारीका चरणहरू पुरा गरी आयोजना तथा कार्यक्रमको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी सम्वत् २०७९ साल श्रावण मसान्तभित्र स्वीकृत गरी सम्वत् २०७९ साल भाद्रभित्र बोलपत्र आव्हान समेत गरिसक्नु हुनेछ । सम्वत् २०७९ साल

 website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

कार्तिक १५ गतेभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ । ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यदिश दिने व्यवस्था मिलाउनु हुनेछ।

२१. तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ । तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य शुरु नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कार्यवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२२. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित पूर्व स्वीकृति लिनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। आवश्यक्ताअनुसार राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलव्धी (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ ।

२३. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड, कार्यविधि तथा निर्देशिका तर्जुमा एवम् संशोधनको कार्य सम्वत् २०७९ साल श्रावण मसान्तभित्र र नियमावली तर्जुमा तथा संशोधनको कार्य सम्वत् २०७९ साल भाद्र १५ गतेभित्र सम्पन्न गर्नु हुनेछ। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरवन्दीहरू सम्वत् २०७९ साल श्रावण मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

२४. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचक, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्त्व सहित आयोजनामा खटाउनु हुनेछ । यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ । यसैगरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तरनिकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ ।

२५. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय/ निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ ।

२६. आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा प्रथम चौमासिक अवधिभित्र न्यूनतम १० प्रतिशत, दोस्रो चौमासिक अवधिभित्र ५० प्रतिशत र अन्तिम चौमासिकभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्य सम्पादन गर्नु हुनेछ।

 *website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com*

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

२७. आयोजना तथा कार्यक्रम कार्यान्वयनको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ तर पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम् ५० प्रतिशत हुनु पर्नेछ ।

२८. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ (संशोधन सहित) को दफा ३० मा भएको व्यवस्था अनुसार तहाँबाट आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु हुनेछ। बजेट कार्यान्वयनमा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत समग्र रूपमा जिम्मेवार हुनु हुनेछ।

२९. पूँजीगत परामर्शबाट सम्पादित क्रियाकलापको अध्ययन प्रतिवेदन चौमासिक रूपमा अवधि समाप्त भएको १५ दिनभित्र यस मन्त्रालयमा अनिवार्य रूपमा उपलब्ध गराउनु हुनेछ र सोको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३०. मन्त्रालय तथा मातहतको निकायबाट वितरण गरिने अनुदानलाई उत्पादन र प्रतिफलसँग आवद्ध गर्दै एउटै व्यक्ति, फर्म, संस्थालाई दोहोऱ्याएर अनुदान नदिने व्यवस्था मिलाउनु हुनेछ। त्यसरी वितरण गरेको अनुदान र लाभग्राहीको विवरण चौमासिक अवधि समाप्त भएको १५ दिनभित्र अनिवार्य रूपमा यस मन्त्रालयमा उपलब्ध गराई सोको विवरण सार्वजनिक गर्ने व्यवस्था समेत मिलाउनु हुनेछ।

३१. प्रदेश सरकारबाट हुने सबै भुक्तानीहरू सम्बन्धित व्यक्ति/संस्थाको बैंक खातामा जम्मा हुने गरी कम्प्युटरीकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System- CGAS) मार्फत भुक्तानी, निकासा र खर्च लेखाङ्कन हुने व्यवस्था मिलाउनु हुनेछ।

३२. विषयगत मन्त्रालयमा विनियोजन भएको रकम खर्च गर्ने क्रममा थप आर्थिक दायित्व सिर्जना नहुने योजना तथा कार्यक्रमको सम्बन्धमा कार्यविधि, निर्देशिका वा मापदण्ड निर्माण गर्दा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनको अधीनमा रही त्यस्तो कार्यविधि वा मापदण्ड स्वीकृत गरी सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ बमोजिम कार्यान्वयन गर्नु हुनेछ।

**(ग) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धमाः**

३३. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्न उपयुक्त देखिएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रूपमा स्थानीय तहमा पहिलो चौमासिकभित्रै हस्तान्तरणको व्यवस्था मिलाउनु हुनेछ।

३४. प्रदेश सरकारले स्वीकृत गरेको योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन गर्नु परेमा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत

 website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

मन्त्रालय र अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो कार्यक्रम वा योजना सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३५. स्थानीय तहको बजेट कार्यक्रममा समावेश भएको पूँजीगततर्फको कुनै योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३६. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ बमोजिम संघ, प्रदेश र स्थानीय तहमध्ये कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको योजना वा कार्यक्रम अर्को तहको कुनै निकायले कार्यान्वयन गर्नु पर्ने अवस्थामा सो कार्यान्वयन गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा निकासा लिई लेखा राख्ने र आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

३७. प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका समपूरक तथा विशेष अनुदानमार्फत कार्यान्वयन हुने स्वीकृत कार्यक्रमहरूको प्रगति विवरण वा कार्य सम्पन्न प्रतिवेदन पेश नगरी सो कार्यक्रमका लागि विनियोजित रकमको अन्तिम किस्ता भुक्तानी नगर्ने व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदनः

३८. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न पाइने छैन।

३९. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ८ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ (संशोधन सहित) को दफा १७ को अधिनमा रही घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा नै रोक्का राखी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको रोक्का पत्र सहितको आधारमा रकमान्तर माग गर्नु गराउनु हुनेछ।

४०. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घर भाडा जस्ता अनिवार्य दायित्वमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ। यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्नु हुनेछैन।

४१. प्रदेश गौरव र बहुवर्षीय आयोजना तथा कार्यक्रममा विनियोजित रकम सोही प्रकारका बाहेक अन्य आयोजना तथा कार्यक्रममा रकमान्तर गर्नु हुनेछैन।

४२. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ।


website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

४३. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरूको करार सेवा शुल्क, खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु हुनेछ।

४४. राजस्व, खर्च, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीबाट राख्ने र प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४५. सरकारी निकायबाट सम्पादन हुने कार्यहरुमा रहेको दोहोरोपना हटाउन र क्षेत्राधिकारको अन्यौल अन्त्य गर्न प्रदेश सरकारको स्थायी संरचनाबाट सम्पादन हुने नियमित कार्यका लागि नयाँ संरचना खडा गरिने छैन।

४६. कार्यालय सहयोगी तथा सवारी चालकको पदमा बाहेक अस्थायी, ज्यालादारी वा करारमा थप आर्थिक दायित्व पर्ने गरी नयाँ नियुक्ति गर्नु हुनेछैन। कार्यक्रम खर्च शिर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुनेछैन। करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्न मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु हुनेछ। फाजिलमा रहेको कर्मचारीबाट समेत पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि आर्थिक मामिला मन्त्रालयको सहमति लिनु हुनेछ।

४७. पानी, बिजुली, सञ्चार महशुल, घरभाडा, इन्धन, मर्मत खर्चहरू, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ।

४८. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ।

४९. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामानहरू खरिद नगरी भएकोलाई नै मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ तथा थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरहरूको लिलाम अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, एयर कन्डिसनर, कम्प्यूटर, ल्यापटप, प्रिन्टर खरिद गर्दा आवश्यकता र औचित्यतताको आधारमा मात्रै गर्नु हुनेछ।

५०. सरकारी कार्यालयहरूले सकेसम्म खाली भएका सरकारी भवनको प्रयोग गर्न प्राथमिकता दिनु पर्नेछ । त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ।

 *website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com*

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

५१. विभिन्न निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्त गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ ।

५२. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएकोभन्दा बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

५३. विभिन्न प्रकारका भुक्तानी गर्दा आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ बमोजिम अनिवार्य रूपमा अग्रिम कर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै तलब, भत्ता, बैठक भत्ता लगायतका भुक्तानीमा अनिवार्य रूपमा स्थायी लेखा नम्बर/ व्यक्तिगत स्थायी लेखा नम्बर उल्लेख गरेर मात्र भुक्तानी गर्नु हुनेछ।

५४. ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वा वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:

५५. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा गुणस्तर, परिमाण, लागत र समयावधि समेतलाई मध्यनजर गर्दै आर्थिक अनुशासन र मितव्ययिता कायम गरी कार्यान्वयन गर्नु गराउनु हुनेछ।

५६. विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना (चौमासिक विभाजन सहित) सम्वत् २०७९ साल श्रावण मसान्तभित्र तयार गरी सार्वजनिक गर्नु हुनेछ। साथै, सोको जानकारी यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगलाई समेत दिनु हुनेछ।

५७. तहाँको खर्चको विवरण मासिक रूपमा प्रकाशन वा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित भए बमोजिम खुला तथ्याङ्क (Open Data) को अवधारणालाई कार्यान्वयन गर्नु हुनेछ।

५८. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा माननीय आर्थिक मामिला मन्त्रीको अध्यक्षतामा प्रत्येक २/२ महिनामा गरिनेछ। कार्यक्रमहरूको प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा अनिवार्य रूपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५९. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी आवश्यक

 website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

CamScanner

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

सहजीकरणको लागि समयमा नै यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

६०. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि खर्च प्रतिवद्धताको अभिलेख राख्ने व्यवस्था गर्नु हुनेछ। सोको प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयलाई गरी यस मन्त्रालयमा जानकारी गराउने व्यवस्था मिलाउनु हुनेछ। यस सम्बन्धी थप व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

६१. विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकाशा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६२. बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्ने हरेक निकायमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र राखी सो अनुरूप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(च) विविध :

६३. अघिल्लो आर्थिक वर्षदेखि लागु भएको प्रदेश विशेष प्रोत्साहन भत्तालाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ। उक्त भत्ता प्रदेश सञ्चित कोषबाट व्ययभार हुने गरी प्रदेशमा कार्यरत स्वीकृत दरबन्दी भित्रका राष्ट्रसेवक कर्मचारीका लागि मात्र भएकाले सोही अनुरूप गर्नु गराउनु हुनेछ।

६४. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १८ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४० बमोजिम यस मन्त्रालयले विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आँशिक रूपमा बजेट रोक्का वा नियन्त्रण गर्ने र समर्पण गराउन सक्ने व्यवस्था रहेको समेत अवगत गराउन चाहन्छु।

६५. आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा यस मन्त्रालयलाई जानकारी दिई निकासा भए बमोजिम गर्नु हुनेछ।

६६. तहाँ मन्त्रालयबाट हुने अनुदान वितरण लगायतका कार्यहरू सम्पादन गर्दा प्रचलित कानूनको अधिनमा रही आवश्यक कार्यविधि र मापदण्ड तर्जुमा गरेर मात्र नियमानुसार जे गर्नु पर्ने हो सो सम्पादन हुने नै छ। अनुदान वितरण सम्बन्धी आवश्यक कार्यविधि तथा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गर्दा अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिनु नै हुनेछ।

६७. संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र यसको आधारमा तर्जुमा भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन एवम् सूचनाको हक सम्बन्धी ऐनमा उल्लिखित विषयहरू प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने जिम्मेवारी कानूनतः बहन गर्नु नै हुनेछ। खर्च सम्बन्धी कार्यहरू सम्पादन गर्दा गराउँदा अधिकतम् पारदर्शिता अवलम्बन गर्दै वित्तीय उत्तरदायित्वमार्फत वित्तीय अनुशासन कायम गर्नेतर्फ यहाँको सम्पूर्ण प्रयास केन्द्रित हुने नै छ।



CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल ।

पत्र संख्या : २०७९/८०
चलानी नं. : १

६८. संघीय कानून र यस बमोजिम बनेका प्रदेश कानून बाझिएको अवस्थामा विद्यमान रहेका संघीय कानून बमोजिम कार्यान्वयन हुन ध्यानाकर्षण गराउँदछु। संघीय कानून तथा प्रदेश कानून प्रतिकूल नहुने गरी मापदण्ड, कार्यविधि, निर्देशिका जे तर्जुमा गर्नु पर्ने हो सो गर्नु नै हुनेछ भन्ने विश्वास लिएको छु।

६९. आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानूनमा उल्लेख भएका पारदर्शिता तथा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्ने व्यवस्थाहरूको परिपालना गर्ने गराउने तथा उपलब्धीहरूको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गराउने कार्यहरू सहित समग्र वित्तीय सुशासन कायम गर्न यहाँको भूमिका महत्वपूर्ण हुने विश्वास लिएको छु।

श्री सचिव, सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

<u>संलग्न:</u>

(क) आ.व. २०७९/८० को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति

(ख) वजेट वक्तव्य - १ प्रति

(ग) वार्षिक विकास कार्यक्रम - १ प्रति

(घ) सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ - १ प्रति

(ङ) सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ - १ प्रति

*आर्थिक वर्ष २०७९/८० को बजेटसँग सम्वन्धित प्रकाशनहरु यस मन्त्रालयको website: moeap.sudurpashchim.gov.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ।*

..................
जितेन्द्र बस्नेत
(प्रदेश सचिव)

प्रदेश सचिव

<u>बोधार्थ:</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।

श्री आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, कैलाली।

श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली: सादर अवगतार्थ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।

 *website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com*

CamScanner